# बाणगङ्गा - बुलेटिन

वर्षः२०८१ | अंकः१ | महिनाः श्रावण | पानाः १२


# १५ औं नगरसभा अधिवेशन सम्पन्न

## १ अर्ब ६२ करोड ४६ लाख ८६ हजारको बजेट स्वीकृत




बाणगङ्गा नगरपालिकाको १५औं नगरसभा अधिवेशन २०८१ असार १० गते नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । नगरपालिकाले असार ०५ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रममा प्राप्त राय सुझावहरुलाई समेत अवलम्बन गर्दै आ.व. ०८१।८२ को बजेट तथा कार्यक्रमलाई सर्वसम्मत रुपमा पारित गरेको छ।

उपप्रमुख रीता कुमारी चौधरी ज्यूले बाणगङ्गा नगरपालिकाको आ.व. ०८१।८२ को लागि कुल १ अर्ब ६२ करोड ४६ लाख ८६ हजार बराबरको बजेट तथा कार्यक्रम नगरसभामा प्रस्तुत गर्नु भएको थियो ।

नगरसभाद्धारा स्वीकृत कुल बजेटको चालुतर्फ १ अर्ब १४ करोड ११ लाख ७५ हजार ९ सय २० र पुँजीगततर्फ ४८ करोड ३५ लाख १० हजार रकम विनियोजन गरिएको छ भने कूल बजेटको ७०.२४% रकम चालुतर्फ र २९.७६% पुँजीगततर्फ खर्च हुने अनुमान गरिएको छ । उपप्रमुखद्वारा प्रस्तुत बजेटको सारांश तालिकामा प्रस्तुत गरिएको छ ।

| प्रकार | बजेट | प्रतिशत |
|---|---|---|
| चालु | ११४११७५.९२ | ७०.२४ |
| पुँजिगत | ४८३५१०.०८ | २९.७६ |
| जम्मा | १६२४६८६.०० | १००.०० |

त्यस्तैगरी, नगरसभाले अनुमोदन गरेको ०८०।८१ को बजेट तथा कार्यक्रमको क्षेत्रगततर्फ निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

| सि.नं. | क्षेत्रगत | बजेट | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ७३०६३.६ | ४.५० |
| २ | सामाजिक विकास | ९१०९२७.६ | ५६.०७ |
| ३ | पूर्वाधार विकास | ४३७९७४.६ | २६.९६ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १९९९०.० | १.२३ |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | १८२७३०.२ | ११.२५ |
| | **जम्मा बजेट** | **१६२४६८६** | **१००** |

आर्थिक वर्ष २०८१।८२ को कुल बजेट अन्तर्गत पनि तपसिल अनुसारको क्षेत्रगत तथा उपक्षेत्रगत अनुसार बजेट विवरण प्रस्तुत गरिएको थियो ।

कुल बजेटको क्षेत्रगततर्फ आर्थिक विकासको लागि विनियोजित कुल बजेट मध्ये करिब ३१.१ प्रतिशत कृषिमा, १०.७६ प्रतिशत सिंचाईमा, १८.५ प्रतिशत पशुपन्छीतर्फ, २.१ प्रतिशत उद्योग-व्यापार तथा व्यवसायतर्फ, ५.७ प्रतिशत पर्यटन तथा संस्कृतितर्फ, १२.६ प्रतिशत भूमि व्यवस्था-सहकारी तथा वित्तीय सेवातर्फ र श्रम-रोजगारी तथा गरिबि निवारणतर्फ १९.२ प्रतिशत रकम विनियोजन गरी कूल रकम रु. ७ करोड ३० लाख ६३ हजार ६ सय बजेट विनियोजन भएको छ ।

## सम्पादकीय

*स्थानीय सरकार सञ्चालन तथा परिचालनको शिलशिलामा यस बाणगङ्गा नगरपालिकाले आर्थिक वर्ष २०८०।०८१ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार क्षेत्रहरु नगरपालिकाले निर्माण गरी स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डहरु, संघ सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालयहरुका निर्देशन र परिपत्रहरु, निगरानी निकायहरुका मार्गदर्शनका आधारमा नगर सभाद्वारा स्वीकृत तथा अनुमोदित नीति कार्यक्रम तथा बजेट उच्च नैतिकताका साथ कार्यान्वयन गरी सकारात्मक प्रतिफल प्राप्त गरेको छ । प्राप्त प्रतिफलको रक्षा तथा बजारीकरण तथा आगामी दिनमा नविनतम तथा आवश्यकीय कार्यको थालनी गरी जनताको खुशियाली निरन्तर वृद्धि गर्दै लैजानु हामी सवैको कर्तव्य र दायित्व हो ।*

*कपिलवस्तु जिल्लामा रहेका १० स्थानीय सरकारहरु मध्ये बाणगङ्गा नगरपालिका धार्मिक, साँस्कृतिक, सामाजिक तथा आन्तरिक आय सङ्कलन तथा परिचालनको पक्षबाट प्रतिस्पर्धी र उन्नत पालिका भएकोले आ.व. २०८०।०८१ मा कुल विनियोजित रकम रु. १,२८,९१,४०,४३३।- मा राजस्व सङ्कलनको अनुमानमा ९२% (कुल बजेटको २२ %), वित्तीय प्रगति ८३% तथा भौतिक प्रगति ९९.९१% हासिल गर्न सकी हाम्रा मूल्याङ्कन प्रणालीहरुमा प्रतिस्पर्धात्मक रुपमा अगाडि बढ्न सफल भएका छौं । नेपाल सरकार, प्रदेश सरकार तथा हामी स्थानीय सरकारले पुरा गर्ने राष्ट्रिय अभियान अन्तर्गत यस आ.व. मा पूर्ण संस्थागत प्रसुती सेवा, पूर्ण खोप दिगोपना, वडा नं. ५ र ८ लाई पोषणमैत्री वडा घोषणा गर्न सफल भएका छौं । यस पुण्य कर्ममा हातेमालो गर्ने क्रियाशील राजनीतिक दल , समग्र नागरिक क्षेत्र र कर्मचारी वर्गमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्यको कामना गर्दछु ।*

*आजको विकास भोलिको जीवन सुरक्षा तथा वर्तमानको खुसियाली वृद्धि गर्ने, स्थानीय सरकारको कार्यक्षेत्र, प्रशासनिक कार्य, विकासात्मक कार्य, अन्तरनिकाय समन्वयका कार्य अन्तर्गत सामाजिक विकास, पूर्वाधार विकास, आर्थिक विकास, सुशासन तथा संस्थागत विकास, वन तथा वातावरण क्षेत्रमा सन्तुलित तथा प्रतिस्पर्धात्मक कार्य सम्पादन, कार्यसम्पादनमा मानवीय र वित्तीय श्रोत परिचालन, श्रोत परिचालनमा दिगो विकास र सामाजिक समावेशीकरण, सामाजिक समावेशीकरणमा प्राकृतिक न्याय र मानव अधिकारका मर्म र भावना प्रस्फुटन हुने गरी कार्यसम्पादनमा जुट्न र उपलब्धि हासिल गर्न सके आजको प्राप्त उपलब्धिको निरन्तर रक्षा र भविष्यको निरन्तर खुशियाली समारोहलाई आत्मसाथ गरी उन्नत कार्यसम्पादनमा उच्च मनोवल प्राप्त भई स्थानीय सरकारको आवश्यकताको औचित्य पुष्टि गर्न सकिनेछ । अतः हामी सबैका कर्म, मर्म र कार्यसम्पादनका धर्म तत् तत् क्षेत्र तर्फ उन्मुख हुनेछन् भन्ने दर्विलो आशा र भरोसा राख्दै सबैलाई उच्च मनोवलका साथ कार्यसम्पादनमा खट्न र जुट्न अनुरोध गर्दछौ ।*

## १५ औं नगरसभा......क्रमशः..

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|
| क | आर्थिक विकास | ७३०६३.६ |
| १ | कृषि | २२७०५.० |
| २ | सिंचाई | ७८६८.४ |
| ३ | पशुपन्छी | १३५३९.२ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | १५६५.० |
| ५ | पर्यटन तथा संस्कृति | ४१७०.० |
| ६ | भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा | ९२००.० |
| ७ | श्रम, रोजगारी तथा गरिबी निवारण | १४०१६.० |

त्यसैगरी, सामाजिक विकास क्षेत्रगततर्फका उपक्षेत्रहरु अर्न्तगत जनस्वास्थ्य तथा पोषणतर्फ १३.३ प्रतिशत, शिक्षा-कला-भाषा तथा साहित्यतर्फ ४१.४ प्रतिशत, खानेपानी तथा सरसफाईतर्फ ०.६ प्रतिशत, त्यसैगरी, महिला-बालबालिका तथा सामाजिक समावेशीकरणतर्फ १.३ प्रतिशत, युवा-खेलकुद तथा नवप्रवर्तनतर्फ ०.७ प्रतिशत र सामाजिक सुरक्षा तथा पञ्जीकरणतर्फ ४२.८ प्रतिशत गरी जम्मा रकम रु. ९१ करोड ९ लाख २७ हजार ६ सय बजेट सामाजिक विकासतर्फ विनियोजन गरिएको छ ।

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|
| ख | सामाजिक विकास | ९१०९२७.६ |
| १ | जनस्वास्थ्य तथा पोषण | १२०७३९.० |
| २ | शिक्षा, कला, भाषा तथा साहित्य | ३७६७०९.० |
| ३ | खानेपानी तथा सरसफाई | ५१८८.४ |
| ४ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ११७३८.२ |
| ५ | युवा, खेलकुद तथा नवप्रवर्त्तन | ६३९०.० |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ३९०१६३.० |



त्यसैगरी, क्षेत्रगततर्फको पूर्वाधार विकासतर्फ कुल रकम रु. ४३ करोड ७९ लाख ७४ हजार ६ सय विनियोजन गरिएको मध्ये उपक्षेत्रगततर्फ ५०.३ प्रतिशत भवन-आवास तथा बस्ती विकासतर्फ, ४७.८ प्रतिशत सडक-पुल तथा यातायातर्फ , ०.६ प्रतिशत जलस्रोत-विद्युत तथा स्वच्छ उर्जातर्फ र सूचना तथा सञ्चार प्रविधीतर्फ १.३ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|
| ग | पूर्वाधार विकास | ४३७९७४.६ |
| १ | भवन, आवास तथा बस्ती विकास | २२०२१५.५ |
| २ | सडक, पुल तथा यातायात | २०९३१९.१ |
| ३ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | २६४०.० |
| ४ | सूचना तथा सञ्चार प्रविधि | ५८००.० |

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रगततर्फ रु. १ करोड ९९ लाख ९० हजार मध्ये उपक्षेत्र अर्न्तगत वन-भूसंरक्षण तथा जैविक विविधतातर्फ ३८ प्रतिशत, वातावरण तथा फोहोरमैला व्यवस्थापनतर्फ २०.८ प्रतिशत र विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनतर्फ ४१.२ प्रतिशत बजेट विनियोजन भएको छ ।

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|
| घ | वातावरण तथा विपद् व्यवस्थापन | १९९९० |
| १ | वन, भूसंरक्षण तथा जैविक विविधता | ७६००.० |
| २ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ४१६०.० |
| ३ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | ८२३०.० |

त्यसैगरी, संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रगततर्फको उपक्षेत्रहरुमा नीति-कानून-न्याय तथा सुशासनतर्फ ३.३ प्रतिशत, सङ्गठन तथा क्षमता विकास-जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ९४.८ प्रतिशत, राजश्व तथा स्रोत परिचालनतर्फ ०.६ प्रतिशत र तथ्याङ्क प्रणाली-योजना तथा विकास व्यवस्थापनतर्फ १.३ प्रतिशत बजेट विनियोजन गरी कुल १८ करोड २७ लाख ३० हजार २ सय बजेट संस्थागत विकास तथा सेवा प्रवाहमा विनियोजन गरिएको छ ।

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|
| ङ | संस्थागत विकास तथा सेवा प्रवाह | १८२७३०.२ |
| १ | नीति, कानून, न्याय तथा सुशासन | ६०३०.६ |
| २ | सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | १७३२७५.६ |
| ३ | राजस्व तथा स्रोत परिचालन | ११२४.० |
| ४ | तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन | २३००.० |




उक्त बजेट तथा कार्यक्रमको सार्वजनिकीकरण कार्यक्रममा नगरपालिका उप प्रमुख रीता कुमारी चौधरी, सबै वडाका वडाध्यक्ष सहित जनप्रतिनिधि, कार्यपालिका सदस्य, सम्पूर्ण कर्मचारी, पत्रकार लगायतको उपस्थिति रहेको कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीको स्वागत मन्तब्य तथा नगरका सामाजिक विकास समितिका संयोजक तथा वडा नं ७ का वडाध्यक्ष विष्णु गिरीको सञ्चालनमा सम्पन्न भएको थियो ।

प्रमुख अतिथि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री माननीय बलराम अधिकारीज्यूले नगरको बजेट उत्कृष्ट रहेको र यसको पूर्ण कार्यान्वयनको पाटो महत्वपूर्णरहेको र बाणगङ्गा नगरको चौतर्फी विकास तथा समृद्धिका लागि नगर, संघ र प्रदेशबाट पनि पहल भईरहेको बताउनुभएको थियो ।

त्यस्तै, कार्यक्रममा राष्ट्रिय सभा उपाध्यक्ष बिमला घिमिरे, लुम्बिनी प्रदेश सांसद गिरधारीलाल न्यौपानेले बजेट कार्यान्वयनका लागि नगरपालिकाले मात्र नभई सम्पूर्ण नगरवासीहरुले अपनत्व लिनुपर्ने बताउनुभयो । त्यस्तै विभिन्न राजनीतिक दल, संघ संस्था लगायतका प्रमुख तथा प्रतिनिधिहरुले मन्तब्य राख्दै कार्यक्रमको सफलताको शुभकामना दिएका थिए ।

बाणगङ्गा नगरपालिकाका नगरप्रमुख तथा नगरसभाका सभाध्यक्ष श्री चक्रपाणी अर्यालले आगामी आर्थिक वर्षको कार्यक्रमका लागि विभिन्न सरोकारवालाहरुसंग राय सुझाव संकलन गरी सार्वजनिक गरिएको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि सबैको साथ अपरिहार्य रहेको तथा बजेट निष्पक्ष र सफलताका साथ कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नगरपालिकाले उत्कृष्ट उद्यमी, कर्मचारी, पत्रकार, सुरक्षा निकाय, रोजगारीकर्ता, नगरपालिकाको लोगो डिजाईनकर्ता लगायतलाई नगद, खादा सहित स-सम्मान प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

# नगरपालिकाको आ.व.०८०।८१ सम्म पूर्वाधार विकासतर्फको प्रगति विवरण

**नगरपालिकाले हालसम्म भौतिक पूर्वाधारको क्षेत्रतर्फ गरेका कार्यहरुको संक्षिप्त विवरणः**

| सि.नं. | योजनाहरु | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७५/०७६ देखि २०७८/०७९ सम्म | २०७९/ ०८० | २०८०/ ०८१ | |
| १ | कल्भर्ट (ह्युम पाईप/ स्लेभ) निर्माण | ९५ | ३२.० | ३३.० | वटा |
| २ | सडक ग्रेवल स्तरोन्नती | १२६.१६० | ३४.२ | ३२.२ | कि.मि |
| ३ | ग्रेवल सडक मर्मत | ० | १४९१३ | ६५८१ | मिटर |
| ४ | सडक कालोपत्रे | ८१ | १०.१ | ११.८ | कि.मि |
| ५ | सडक ढलान | ० | ८५९.० | ४१२७ | मिटर |
| ६ | लकिंग ब्लक | ० | १०५५.० | १०१६ | मिटर |
| ७ | सिंचाई कुलो, नहर निर्माण र बोरिङ्ग जडान | ३४९३ | ८८९९ | ८९९० | मिटर |
| ८ | नाली निर्माण | २८२७८ | ५०७६ | ६५३० | मिटर |
| ९ | शैक्षिक पूर्वाधार | ५१ | १४.० | ४.० | वटा |
| १० | मदरसा | ५ | २.० | १.० | वटा |
| ११ | खेलकूद पूर्वाधार (खेलमैदान, कबर्ड हल) | १९ | ५.० | ४.० | वटा |
| १२ | रंगशाला | २ | ०.० | २.० | वटा |
| १३ | भवन मर्मत सम्भार र निर्माण (विभिन्न संघ संस्था समेत) | ४१ | ४७.० | ३६.० | वटा |
| १४ | मन्दिर | ५१ | १६.० | ७.० | वटा |
| १५ | दिउहार निर्माण तथा मर्मत | ३३ | ४.० | १२.० | वटा |
| १६ | मस्जिद | ५ | १.० | १.० | वटा |
| १७ | गुम्बा मर्मत संभार | ८ | १.० | १.० | वटा |
| १८ | बुद्ध विहार | ५ | १.० | २.० | वटा |
| १९ | विभिन्न संस्थागत संरचना निर्माण | २७ | ८.० | ७.० | वटा |
| २० | खानेपनी पूर्वाधार | २२३ | ४३.० | १२.० | हेण्डपम्प |
| २१ | पोखरी, ताल निर्माण तथा मर्मत | १३ | ३.० | २.० | वटा |
| २२ | प्रतिक्षालय | २१ | ५.० | ५.० | वटा |
| २३ | नदी नियन्त्रण | ७१७ | २०८.० | ४००.० | मिटर |
| २४ | बालउद्वान | १२ | १.० | १.० | वटा |
| २५ | विद्युतीकरण | २५ | ६.२ | ४.९ | कि.मि |
| २६ | बाँध निर्माण | ४१७ | ३०.० | ३८.० | मिटर |
| २७ | वृक्षारोपण | २३३३० | २०००० | ०.० | वर्ग मिटर |
| २८ | स्वस्थ्य पूर्वाधार संरचना | १५ | ५.० | ६.० | वटा |
| २९ | पार्क | १५ | ३.० | २.० | वटा |
| ३० | पर्यटकीय पूर्वाधार | ८ | ३.० | ४.० | वटा |
| ३१ | सार्वजनिक जग्गा संरक्षण | १५ | १२.० | ७.० | विगाह |
| ३२ | हाट बजार | ५ | २.० | १.० | वटा |
| ३३ | पुल निर्माण | १ | १.० | १.० | अहिरौली, वडा न. १० |
| ३४ | किरिया घर | ७ | २.० | ३.० | वटा |
| ३५ | चौपारी | ४ | ०.० | ३.० | वटा |
| ३६ | पिकनिक स्थल | २ | ०.० | १.० | वटा |
| ३७ | मुल संरक्षण | ५ | २.० | १.० | वटा |
| ३८ | अन्य | ० | ०.० | ०.० | वटा |

## महिला उद्यमी सृजना गर्दै लक्षित वर्गका कार्यक्रम



नेपाल विकास अनुसन्धान प्रतिष्ठान काठमाण्डौंले सम्भावित स्तरोन्मुख उद्यमहरुमा नवप्रवर्तन तथा समावेशीताको प्रवर्धन कार्यक्रम अन्तर्गत उद्यमहरुको प्रवर्धन गर्ने उद्देश्यले बाणगङ्गा नगरपालिकाका उद्यमी छनोटमा परेका थिए । सोही अनुसार बाणगङ्गा नगरपालिकाका लक्ष्मी सारु मगर, अमृता बुढाथोकी, धनिकुमारी सोमै उद्यमी व्यवसायीको रुपमा छनौटमा परेका हुन् । उनीहरुले ढाकाको उद्योग संचालन गरेर स्थानीय स्तरमा रोजगारीको सिर्जना गर्दै आर्थिक उपार्जनका कामहरु अघि बढाएका छन् ।

कपिलवस्तुको बाणगङ्गा नगरपालिकाका २ महिला उद्यमी व्यवसायीलाई आर्थिक सहयोग प्रदान गरिएको छ । लामो समयदेखि लघु उद्यम व्यवसायमा सफल महिला उद्यमीहरुलाई स्तरोन्नतिका लागि आर्थिक सहयोग प्रदान गरिएको हो । बाणगङ्गा नगरपालिकाका नगर प्रमुख चक्रपाणी अर्यालले छनौटमा परेका २ उद्यमी व्यवसायीलाई जनही १ लाख २० हजारका दरले २ लाख चालिस हजार रुपैया सहयोग रकमको सम्झौता हस्तान्तरण गर्नुभएको छ ।

नगरभित्र लघु उद्यम व्यवसाय गरिरहेका महिलाहरुलाई प्रोत्साहन गर्न नेपाल विकास अनुसन्धान प्रतिष्ठानसंग सहकार्य गरेर उक्त सहयोग रकम उपलब्ध गराइएको थियो ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठान काठमाण्डौंले सम्भावित स्तरोन्मुख उद्यमहरुमा नवप्रवर्तन तथा समावेशीताको प्रवर्धन कार्यक्रम अन्तर्गत उद्यमहरुको प्रवर्धन गर्ने उद्देश्यले बाणगङ्गा नगरपालिकाका उद्यमी छनौटमा परेका थिए । सोही अनुसार बाणगङ्गा नगरपालिकाका लक्ष्मी सारु मगर, अमृता बुढाथोकी, धनिकुमारी सोमै उद्यमी व्यवसायीको रुपमा छनौटमा परेका हुन् । उनीहरुले ढाकाको उद्योग संचालन गरेर स्थानीय स्तरमा रोजगारीको सिर्जना गर्दै आर्थिक उपार्जनका कामहरु अघि बढाएका छन् ।

देशभरका ७ वटा प्रदेशका ३९ वटा पालिकाका ४२ जना उद्यमी व्यवसाय सहयोगका लागि छनौटमा परेको प्रतिष्ठानले जनाएको छ । ती व्यवसायको अध्ययन अनुसन्धान र लेखाजोखा गरी आवश्यकताका आधारमा आर्थिक सहयोग उपलब्ध गराइने छ । प्रतिष्ठानले उक्त सहयोग अध्ययन अनुसन्धानको लागि मात्र गर्ने बताइएको छ । सो अध्ययनका लागि ७ प्रदेशबाट १२ सय उद्यमीहरुको सूचना संकलन गरेको थियो ।

## एकिकृत घुम्ती शिविर- घरघरमा सिंहदरबार



घरघरमा सिंहदरवारको परिकल्पनालाई सार्थकता दिन बाणगङ्गा नगरपालिकाले वडाहरुको गाउँगाउँमा गएर एकीकृत घुम्ती शिविर सञ्चालन गरेको थियो। नगरपालिकाले २०८० माघ १७ गते वडा नं. १० मेचकुरी, चैत्र २७ गते भलवाड र असार २२ गते कोपवाबाट सेवा प्रवाह गरेको थियो भने नागरिकलाई सहज रुपमा सेवा दिने उद्देश्यका साथ एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको थियो ।

बाणगङ्गा नगरपालिकाले नगरवासीहरुको सुविधालाई मध्यनजर गर्दै आ.व. २०८०।८१ मा ३ पटक एकीकृत



**घुम्ति शिविर सम्बन्धी विस्तृत विवरणः**

| सि. नं. | सेवाहरु | लाभन्वित सेवाग्राही/ मिति तथा वडा | | |
|---|---|---|---|---|
| | | २०८०।१०।१७ वडा नं.१० | २०८०।१२।२७ वडा नं. ९ | २०८०।०३।२२ वडा नं. ५ |
| १ | पशु सेवा सम्बन्धी सेवा | १९४ | ३१० | १४१ |
| २ | शिक्षा, युवा तथा खेलकुद सम्बन्धि सेवा | २ | | |
| ३ | कृषि विकास सम्बन्धी सेवा | १७० | १३८ | १०५ |
| ४ | माटो परीक्षण सम्बन्धी सेवा | | १८७ | |
| ५ | आयुर्वेद सम्बन्धी सेवा | २६५ | २६० | २६५ |
| ६ | स्वास्थ्य सम्बन्धी सेवा | २३० | ३१० | १०५ |
| ७ | योजना अनुगमन सम्बन्धी सेवा | ६ | | |
| ८ | वन वातावरण, विपद् तथा फोहोरमैला व्यवस्थापन | ११ | | |
| ९ | भवन तथा शहरी सम्बन्धी सेवा | १० | | |
| १० | फर्म तथा व्यवसाय दर्ता नविकरण सम्बन्धी | ५ | १३ | १६ |
| ११ | रोजगार परामर्श सेवा (प्रधानमन्त्री रोजगार कार्यक्रम) | ११ | १७ | |
| १२ | ज्येष्ठ नागरिक परिचय पत्र सम्बन्धी सेवा | २१ | १४ | ४४ |
| १३ | अपाङ्ग परिचय पत्र सम्बन्धी सेवा | | ५ | ८ |
| १४ | भूमि सम्बन्धी सेवा | | ३ | |
| १५ | सुरक्षित आप्रवासन (सामी) सम्बन्धी सेवा | ६० | ३० | |
| | जम्मा | ९८५ | १२८७ | ६८४ |

घुम्ति शिविरको आयोजना बाट २ हजार ९ सय ५६ जना सेवाग्राहीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । बाणगङ्गा नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार विभिन्न मितिमा घुम्ति शिविरको आयोजना गरी बाणगङ्गा नगरपालिकाबाट सेवा प्रवाह हुने १२ वटा शाखाको सेवा एकैसाथ प्रदान गरिएको थियो ।

शिविरमा स्वास्थ्य जाँच गर्न पहुँच नपुगेका, कृषि परामर्शलाई नगरपालिका सम्म पुग्न नसकेका

## एकीकृत घुम्ती....... क्रमशः

र नगरपालिकाबाट के कसरी काम हुन्छ भन्ने जानकारी नभएका जनताको हितका लागि शिविर सञ्चालन गरिएको थियो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन, नगरको सेवा प्रवाह सम्बन्धी सचेतना फैलाउन तथा जनताको घरदैलोमा नै सेवा प्रवाह प्रभावकारीरुपले पुर्‍याउन सफल भएको बताउनु भयो ।



नगरको सेवा आफ्नै वडामा पुगेपछि स्थानीय वडा बासिहरुलाई धैरै सहज र सजिलो भएको बताउनु भयो । वडाहरु अलिकति विकट भएकाले नगरको सेवाले नागरिकमा थप आशा जगाएको छ। "कृषिको बिउ परीक्षण गर्न, माटो परीक्षण गर्न, समान्य स्वास्थ्य जाँच गराउन, परामर्श लिनकै लागि पनि कोही नागरिक नगरमा पुग्न नपर्ने बताउनु भयो ।

यस्तै सेवा लिन आएका सेवाग्राहीहरुले नगरपालिकाले राखेको शिविरले वडावासीलाई सजिलो भएको बताउँदै नगरमा जानुपर्ने कार्य शिविरबाट प्राप्त गर्न सकिने भएको भन्दै खुशी व्यक्त गरेका छन् ।

नगरबाट सेवा प्रवाह भई रहेको विभिन्न सेवाहरुमा स्वास्थ्य शाखा अन्तर्गत प्राथमिक उपचार तथा परामर्श सम्बन्धी सेवा, कृषि विकास शाखा अन्तर्गत बाली उपचार तथा विषादी सचेतना, कृषि समूह दर्ता तथा नवीकरण, कृषि फर्म सूचीकृत, प्राविधिक परामर्श सम्बन्धी सेवा ,पशु विकास शाखातर्फ गोबर परीक्षण, माटे जुका , मिनरल भिटामिन औषधी वितरण पशु पंक्षि उपचार , फर्म दर्ता तथा नवीकरण तथा प्राविधिक परामर्श सेवा, त्यस्तै गरी सुरक्षित आप्रवासन शाखा अन्तर्गत मनोसामाजिक परामर्श सेवा तथा वित्तिय साक्षरता सम्बन्धी सेवा र वैदेशिक रोजगारीका सूचनाहरुको जानकारी प्रदान गरिएको थियो भने महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट सामाजिक सुरक्षा भत्ताको



लागि आवश्यक परिचय पत्र प्रदान गर्नुका साथै अपाङ्ग परिचय पत्र प्रदान गरिएको थियो ।

त्यस्तै गरी, वन वातावरण विपद् तथा फोहोरमैला व्यवस्थापन शाखा अन्तर्गत परामर्श सेवा, निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण सम्बन्धी आवेदन संकलन गरिएको छ । यस्तै गरी, प्रधानमन्त्री रोजगार शाखा अन्तर्गत परामर्श सेवा, श्रम स्वीकृति सम्बन्धी सेवा, शैक्षिक बेरोजगारीहरूको विवरण संकलन सेवा प्रदान गरिएको थियो ।

योजना शाखा अन्तर्गत योजना सम्झौता, योजना अनुगमन तथा फरफारक सम्बन्धी सेवा, शिक्षा शाखा अन्तर्गत शैक्षिक परामर्श सेवा, भूमि शाखा अन्तर्गत परामर्श सेवा कित्ताकाट सम्बन्धी सिफारिस , राजश्व शाखा अन्तर्गत घरेलु तथा साना उद्योग सम्बन्धी, व्यवसाय दर्ता तथा नवीकरण र कर असुली सम्बन्धी सेवा प्रदान गरिएको थियो ।

## नगर गतिविधी

नगरपालिकाको हरेक गतिविधिहरु सम्बन्धी जानकारी तथा राय सुझाव दिनका लागि तलको Qr कोडलाई मोबाईलमा स्क्यान गरी नगरपालिकाको वेभसाईट हेर्नुहोस् ।

## आ.व. ०८०।८१ मा स्वास्थ्य सेवा तर्फको कार्य विवरण




क) स्वास्थ्यतर्फ नियमित OPD सेवातर्फ

| सि.नं. | स्वास्थ्य संस्था | वडा | नयाँ सेवा लिने विरामी | जम्मा विरामी सङ्ख्या |
|---|---|---|---|---|
| १ | उत्तमनगर आ.स्वा.से.के. | १ | ३२७९ | ६५६८ |
| २ | पिपरा अस्पताल | २ | ४२७७० | ४३४७६ |
| ३ | सिउटी आ.स्वा.से.के. | ३ | ३०७९ | ३९०१ |
| ४ | गहेहडा स्वास्थ्य चौकी | ४ | ८६४७ | १०२५४ |
| ५ | कोपवा स्वास्थ्य चौकी | ५ | ७३८० | ८१७९ |
| ६ | लक्ष्मणघाट आ.स्वा.से.के. | ६ | ४०४७ | ४८४३ |
| ७ | मोतिपुर आ.स्वा.से.के. | ७ | २५८८ | ३३४० |
| ८ | मोतिपुर स्वास्थ्य चौकी | ८ | ९१०४ | ११९२३ |
| ९ | भलवाड स्वास्थ्य चौकी | ९ | ३४३० | ६४६६ |
| १० | पटना स्वास्थ्य चौकी | १० | ६५५५ | ८५९७ |
| ११ | हथौसा स्वास्थ्य चौकी | ११ | ४३९२ | ५२६२ |
| १२ | बरवा शहरी स्वा. सेवा केन्द्र | ११ | ३९४६ | ४३७० |
| | जम्मा विरामी | | ९९२१७ | ११७१७९ |

**ख) नियमित खोपतर्फ**

| सि.नं. | स्वास्थ्य संस्था | वडा | लक्ष्य | पूर्ण खोप पाएका बच्चा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उत्तमनगर आ.स्वा.से.के. | १ | ११९ | १२९ | १०८ |
| २ | पिपरा अस्पताल | २ | १३९ | १८६ | १३४ |
| ३ | सिउटी आ.स्वा.से.के. | ३ | ९८ | ८३ | ८५ |
| ४ | गहेहडा स्वास्थ्य चौकी | ४ | १४५ | १७७ | १२२ |

## आ.व. ०८०/८१ मा स्वास्थ्य ........ क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कोपवा स्वास्थ्य चौकी | ५ | ९४ | १११ | ११८ |
| ६ | लक्ष्मणघाट आ.स्वा.से.के. | ६ | ८७ | ८१ | ९३ |
| ७ | मोतिपुर आ.स्वा.से.के. | ७ | ११० | ११३ | १०३ |
| ८ | मोतिपुर स्वास्थ्य चौकी | ८ | १९९ | १९३ | ९७ |
| ९ | भलवाड स्वास्थ्य चौकी | ९ | १०९ | १६२ | १४९ |
| १० | पटना स्वास्थ्य चौकी | १० | १७० | १६९ | ९९ |
| ११ | हथौसा स्वा.चौ. + बरवा शहरी | ११ | १६२ | १६८ | |
| जम्मा विरामी | | | १४३३ | १५७२ | ११० |

**ग) संस्थागत प्रसुतिसेवा युक्त नगर घोषणा कार्यक्रम सम्बन्धी विवरणः**

| सि.नं. | विवरण | घरधुरी सर्वेक्षण गर्दाको अवस्था | प्रतिशत |
|---|---|---|---|
| १ | प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराएका महिलाको संख्या (A) | १४९५ | ९८ |
| २ | स्वास्थ्य संस्थामा प्रसुति गराएका महिलाको संख्या (B) | १५१५ | ९९ |
| ३ | घरमा प्रसुति गराएका महिलाको संख्या | ० | १.१७ |
| ४ | बाटोमा प्रसुति गराएका महिलाको संख्या | ४ | |
| ५ | अन्य स्थानमा प्रसुति गराएका महिलाको संख्या | १४ | |
| ६ | जम्मा प्रसुति संख्या | १५३३ | |
| ७ | प्रोटोकल अनुसार ३ पटक प्रसुति जाँच गराएका महिलाको संख्या | १४८२ | ९७ |

घ) आँखा शिविर

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा विरामी संख्या |
|---|---|---|---|---|
| १ | OPD सेवा | ७३४ | ८९३ | १६२७ |
| २ | चश्मा वितरण | ३०१ | ३३५ | ६३६ |
| ३ | आँखाको मोतिविन्दुको शल्यक्रिया | ६५ | ६६ | १३१ |

घ) अन्य कार्यहरूः

- मृगौला पीडित लगायतका सम्पूर्ण नगरवासीहरुको लागि निःशुल्क रुपमा रगतको व्यवस्था मिलाईएकोमा ४६५ जनाले सेवा प्राप्त गरेको।
- क्षयरोग शिविर सञ्चालनबाट ११८२ जना महिला तथा १४२८ जना पुरुषको स्कृनिङ्ग गरिएकोमा ६ जना महिला तथा ५ जना पुरुषमा क्षयरोग पत्ता लागि उपचार शुरु गरिएको भने हालसम्म १६३ जना नयाँ क्षयरोग बिरामी पत्ता लागेको।
- नगरभित्र सञ्चालित सबै स्वास्थ्य संस्थाबाट हाल २४ जना कुष्ठरोगका बिरामी भेटिएको ।
- हात्ती पाईले विरुद्धको आम औषधी सेवन कार्यक्रम अन्तर्गत हालसम्म ८३.८० प्रतिशत जनसंख्याले औषधी सेवन गरेको ।
- सिकेल सेल एनेमिया शिविरबाट २५९ जनाको स्कृनिङ्ग गर्दा ५ जनामा उक्त रोगको प्रभाव देखिएको ।
- पाठेघरको मुखको क्यान्सर स्कृनिङ्ग शिविरबाट २६४ जनाको स्कृनिङ्ग गर्दा ६ जनामा रोगको पहिचान भएकोले उच्च प्राथमिकताका साथ सम्बन्धित माथिल्लो अस्पतालमा रेफर गरिएको ।
- बाणगङ्गा नगरपालिकामा रहेका मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका १३० जना विरामीहरुलाई रु. ७५ लाख ५० हजार बराबरको उपचार खर्च गरिएको ।
- पिपरा अस्पतालबाट पोष्टमार्टम (Post Martum) सेवा सुचारू गरिएको ।






## नगरपालिकाबाट आ.व. ०८०/८१ मा सम्पादित मुख्य-मुख्य कार्यहरु

| क्र.सं. | कार्य विवरण |
|---|---|
| १. | चालु आ.व. ०८०।८१ को तीन पटक त्रैमासिकको सार्वजनिक सुनुवाई सम्पन्न गरिएको |
| २. | पूर्ण संस्थागत प्रसुति सेवायुक्त नगरपालिका घोषणा गरिएको |
| ३. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (NNRFC) द्वारा कार्यसम्पादन मूल्याङ्कन वापत नगरपालिकाले ७०.२१ अङ्क प्राप्त गरी लुम्बिनी प्रदेशकै उत्कृष्ट नगरपालिका अन्तर्गत आउन सफल भएको |
| ४. | ९५% घरधुरीहरुमा घरनम्बरिङ जडान कार्य सम्पन्न गरिएको, |
| ५. | ऐन, कार्यविधि, निर्देशिका र नियमावली गरी १८ वटा कानूनहरु निर्माण गरिएको र हालसम्म कुल १०७ वटा विभिन्न कानूनहरु कार्यान्वयनमा रहेको |
| ६. | ३ पटक एकीकृत घुम्ति शिविर ( वडा नं. ५, वडा नं ९ र वडा नं १० मा गरी ) बाट जम्मा २९५५ जना सेवाग्राहीहरु प्रत्यक्ष लाभान्वित भएको |
| ७. | विभिन्न समयमा बजार अनुगमन गरी गुणस्तरीय उत्पादन तथा सेवा विस्तारमा जोड दिईएको |
| ८. | नगर कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण सहकारीहरुको अनुगमन सम्पन्न गरी वित्तीय अवस्थाको जानकारी लिईएको, |
| ९. | पशुपंक्षी तथ्याङ्कीय पार्श्व चित्र तयारीको चरणमा रहेको र दुधमा आत्मनिर्भर नगरपालिका घोषणाको चरणमा रहेको |
| १०. | नगर भित्रका विभिन्न स्थानमा छाडा चौपायको अल्पकालिन व्यवस्थापन गरिएको र मध्यकालिन तथा दीर्घकालिन व्यवस्थापनको लागि पूर्वाधार निर्माणको चरणमा रहेको । |
| ११ | न्यायिक निरुपरणका लागि अनलाईन इजलासको विकास गरिएको । |
| १२ | नगरभित्रका विभिन्न स्थानमा छाडा चौपायको अस्थायी व्यवस्थापन गरिएको । |
| १३ | स्थानीय तहको स्वमूल्याङ्कन (LISA) अन्तर्गत आ.व. ०७९।८० को मूल्याङ्कनमा ८९.५% , वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) अन्तर्गत आ.व ०७९।८० को मूल्याङ्कनमा ८३.५% र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा ८५.५% अङ्क प्राप्त भएको । |
| १४ | मालपोत तथा नापी कार्यालय बाणगङ्गा नगरपालिकाभित्र स्थापनाको लागि पहल गरिएको । |
| १५ | दुर्घटना न्यूनीकरणको लागि नगरका विभिन्न ठाउँमा स्पिड कन्ट्रोल ट्राफिक (ब्यारीगेट) विभिन्न स्थानमा १० वटा बकेट जडान गरिएको । |

क्रमश.....

## योजना तथा अनुगमनतर्फ आ.व.०८०।८१ को सम्पादित कार्यहरु

क) आ.व. ०८०।८१ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसारको विवरण

| सि.नं | विवरण | सम्पन्न योजना सङ्ख्या | उपभोक्ता समिति | ठेक्का | बांकी |
|---|---|---|---|---|---|
| १ | १ लाख सम्म लागत भएका योजना सङ्ख्या | ७३ | | | |
| २ | १ लाख देखि ५ लाखसम्म लागत भएका योजना सङ्ख्या | ३०४ | | | |
| ३ | ५ लाख देखि १० लाखसम्म लागत भएका योजना सङ्ख्या | १०२ | | | |
| ४ | १० लाख देखि ५० लाखसम्म लागत भएका योजना सङ्ख्या | ९७ | | | |
| ५ | ५० लाख भन्दा माथि लागत भएका योजना सङ्ख्या | १२ | | | |
| | जम्मा | ५८८ | ४९७ | ९५ | ४ |

**ख) आ.व. ०८०।८१ को संघीय तथा प्रदेशतर्फका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाः**

| सि.नं. | श्रोत | बजेट (रु. हजारमा) | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | संघीय विशेष | ५००० | ४९२५ | ९८.० |
| २ | संघीय शसर्त | २७००० | १९०८९ | ७०.७ |
| ३ | संघीय समपुरक | १२००० | ९३९६ | ७८.३ |
| ४ | तराई मधेस संमृद्धि | ५००० | ३८४८ | ७७.० |
| ५ | प्रदेश विशेष | ४००० | २६७१ | ६६.८ |
| ६ | प्रदेश समपुरक | ३०००० | २४९९६ | ८३.३ |
| ७ | प्रदेश सशर्त | १९२०० | १६१२२ | ८४.० |

**ग) हालसम्म DPR तयार भएका योजनाहरू**

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | लक्ष्मणघाट सबदाह स्थल वडा नं. ७ |
| २ | थारु संग्राहलय वडा नं. ३ |
| ३ | बोलबमधाम वडा न. ६ |
| ४ | कोपवा पोखरी सुन्दरीकरण |
| ५ | मायादेवी रंगशाला |
| ६ | बुद्ध रंगशाला |
| ७ | बसपार्क |
| ८ | फोहरमैला व्यवस्थापन |
| ९ | जवई मूल संरक्षण |
| १० | वडा कार्यालय परिसर सुन्दरीकरण वडा न. ६ |
| ११ | खारखानी पिकनिक स्पोर्ट |
| १२ | औधोगिक पूर्वाधार निर्माण |
| १३ | कृषि उपज संकलन केन्द्र |
| १४ | जनता मा.वि. पिपरा |
| १५ | मधुवन धाम गौशाला निर्माण |
| १६ | बाणगंगा चक्रपथ |

**घ) आ.व. ०७९।८० बाट म्यादथप भई आ.व.०८०।८१ मा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयनको अवस्था**

| योजनाको नाम | कैफियत |
|---|---|
| कृषि विकास शाखा कार्यालयको अधुरो भवन निर्माण | सम्पन्न |
| सडक बोर्ड योजना | सम्पन्न |
| गौशाला निर्माण वडा न. ८ | कार्य संचालन नभएको |
| वडा न. ५ को प्रशासनिक भवन निर्माण | सम्पन्न |

**ङ) आ.व.०८०।८१ मा म्यादथप भएका योजनाहरुको विवरण**

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | वडा नं. १ को प्रशासनिक भवन निर्माण | कार्य संम्पन्न नभएको |
| २ | सडक बोर्ड योजना | कार्य संम्पन्न नभएको |
| ३ | ब्रह्मा कुमारी ईश्वरीय विश्वविद्यालय एंव राजयोग प्रशिक्षण केन्द्र भवन निर्माण | कार्य संम्पन्न नभएको |
| ४ | बुद्ध रंगशाला | कार्य संम्पन्न नभएको |

**च) आ.व. २०८०/८१ मा ठेक्का र उपभोक्ता समितिबाट संचालित सम्पन्न हुन नसकेका योजनाहरुको विवरण**

| सि.नं | योजनाको नाम | योजना संचालन गर्ने निकाय | कामको अवस्था |
|---|---|---|---|
| १ | मेचकुरी गाँउमा नाली निर्माण वडा नं. १० | उपभोक्ता | कार्य हुन नसकेको |
| २ | रामदत्तिवनधाम झो.पु. बाणगंगा नगरपालिका - ९, कपिलवस्तु | उपभोक्ता | कार्य भईरहेको |
| ३ | वडा कार्यालय प्रशासनिक भवन निर्माण वडा नं. १ | ठेक्का | कार्य भईरहेको |
| ४ | Construction of Laxmanghat Ma.Vi. Building | ठेक्का | क्रमागत |
| ५ | गौतमबुद्ध रंगशाला | ठेक्का | कार्य भईरहेको |
| ६ | ब्रहमाकुमारी भवन निर्माण | ठेक्का | कार्य भईरहेको |
| ७ | सडक बोर्ड नेपाल | ठेक्का | कार्य भईरहेको |

## नगरपालिकाबाट....क्रमशः

| | |
|---|---|
| १६ | नगरपालिका अर्न्तगत वडा नं. ५ र ७ पोषण मैत्री वडा/ स्वास्थ्य संस्था घोषणा भएको । |
| १७ | डिजिटल नागरिक वडापत्र ११ वटा, १- पिपरा अस्पताल र २- स्वास्थ्य चौकीमा गरी जम्मा-१४ वटा जडान गरिएको । |
| १८ | नगरभित्रका ३२ वटा विभिन्न सामुदायिक विद्यालयहरुमा ई-हाजिरी जडान गरी प्रविधिमा नगरपालिकासँग जोडिएको । |
| १९ | नगरमा कार्यरत कर्मचारीहरुको लागि क्षमता विकास तालिम र उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन हुने गरी विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिएको । |
| २० | वडा कार्यालयहरुको कार्यलय सञ्चालन तथा व्यवस्थापन र राजस्वको अनुगमन गरी सुधारका लागि क्षमता विकास सम्बन्धी तालिम दिइएको । |
| २१ | नगरको विभिन्न स्थानमा १८ वटा सि.सि. टि.भी. क्यामेरा जडान गरिएको छ । |
| २२ | ५ वटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई खानेपानी सफ्टेवयर र Water Meter Reader Device वितरण गरिएको |
| २३ | बाणगङ्गा प्रज्ञा प्रतिष्ठान गठन भएको । |
| २४ | बस पार्कको IEE स्वीकृत भएको । |
| २५ | नगरपालिकाको आफ्नो लोगो छनौट भई स्वीकृत भएको । |

## विपद व्यवस्थापनतर्फ बाणगङ्गा

बाणगङ्गा नगरपालिकाको आयोजना र UNICEF नेपालको समन्वय तथा सहजीकरणमा २०८१ श्रावण १७ गते बिहीवारका दिन नगर स्तरीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरुको लागि नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा विपद जोखिम न्यूनीकरण, व्यवस्थापन, जलवायु परिवर्तन एवं दिगो वातावरण व्यवस्थापन सम्बन्धी १ दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री भक्तिराम मरासिनीज्यूबाट कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्दै यसको महत्वको विषयमा प्रस्तुत गर्नुभएको थियो । युनिसेफको तर्फबाट विनोद प्रकास सिं ठकुरीको सहजीकरणमा सञ्चालन भएको कार्यक्रममा नेपाली कंग्रेसका सभापति श्री विष्णु थापा, नेकपा एमालेका नगर अध्यक्ष युवराज पोख्रेल, नेकपा (एस) का नगर अध्यक्ष श्री दिपक पन्थी लगायतको उपस्थिति रहेको थियो ।

खोज तथा उद्धार कार्यदल गठन गरिएको छ । उपमेयर श्री रीता कुमारी चौधरीको संयोजकत्वमा राजनैतिक दल, उद्योग वाणिज्य संघ, गै.स.स, पत्रकार तथा सबै वडाका वडा अध्यक्षहरु रहने गरी राहत व्यवस्थापन तथा पुनस्थापना कार्यदल, गठन भएको छ । यसैगरी नगर प्रवक्ता श्री विष्णु पौडेलको संयोजकत्वमा शंकर पाण्डे, सञ्चार कर्मी हरी अधिकारी र प्रशासन शाखा प्रमुख श्री केशवराज भट्टराई रहने गरी पूर्व सूचना कार्यदल गठन भएको छ । यसै गरी कार्यपालिका सदस्य शारदा परियारको संयोजकत्वमा ईन्दिरा पन्थ, सुमित्रा चौधरी, रोशनी राई र शुसिला पन्थ रहने गरी लैङ्गिक समानता कार्यदल भएको छ साथै वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री करुण टण्डन संयोजक रहने गरी सशस्त्र प्रमुख, नगर प्रहरी, नागरिक समाज तथा रेडक्रसको प्रतिनिधित्व रहने गरी खोज तथा उद्धार समिति गठन गरिएको छ ।

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट आ.व.०८०।८१ मा सम्पादित कार्यक्रमहरु







महिला विकासको अभियान आ.व. २०३९/०४० मा थालिएको थियो । तत्कालिन समयमा युनिसेफको सहयोगमा ५ जिल्ला (स्याङ्जा, नवलपरासी, तनहुँ, सुर्खेत, धादिङ) बाट कार्यक्रम सुरु गरिएको थियो । त्यसपछि आ.व. ०४९/०५० सम्ममा स्थानीय विकास मन्त्रालय मार्फत ६४ वटा जिल्लामा महिला विकास शाखा खोलिएको थियो र आ.व. ५१/५२ मा साविकका ७५ वटै जिल्लामा कार्यालय खोली महिला विकास कार्यालय नामाकरण गरिएको थियो र पछि नाम परिवर्तन गरी महिला बालबालिका कार्यालय राखिएको थियो । राज्य संघीय संरचनामा गएसँगै आ.व. ०७४/०७५ मा महिला बालबालिका कार्यालयका कर्मचारीहरुलाई तत्कालिन जिल्ला विकास समिति मार्फत सोही जिल्लाका स्थानीय तहमा खटाइएको थियो । यसरी खटाइएका कर्मचारीहरुलाई आ.व. ०७५/०७६ मा ज्येष्ठता र वरियताका आधारमा स्थानीय तहमा समायोजन गरी प्रत्येक स्थानीय तहमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको अवधारणा ल्याइएको थियो । त्यसै शिलशिलामा यस नगरपालिकामा पनि आ.व. ०७७/०७८ मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा खोली सोही शाखाबाट लक्षित वर्गका सम्पूर्ण कामकाज हुँदै आएका छन् ।

नेपाल सरकारले लिएको राष्ट्रिय गुरुयोजना ( २०७५-०८५), दिगो विकासका लक्ष्य प्राप्ति (सन् २०३०) लाई समेत मध्यनजर गर्दै यस पालिकाले लक्षित वर्ग तथा समुदायलाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।सीप र क्षमता विकासका माध्यमद्वारा आत्मनिर्भर गराउँदै समतामूलक समृद्ध नगर निर्माण गर्ने लक्ष्यकासाथ विभिन्न लक्षित वर्गका कार्यक्रमहरु बिनियोजन हुँदै आएका छन् । आ.व. ०८०/८१ मा वडा कार्यालय र नगरपालिकाबाट गरी जम्मा ११९ वटा लक्षित वर्गका कार्यक्रमहरु सम्पन्न भएका छन् । सीप विकास तर्फका २७ वटा कार्यक्रमहरु सम्पन्न भएका छन् र जस अन्तर्गत ५४० जना सहभागीहरु लाभान्वित भएका छन् । सशक्तीकरण सचेतना तर्फ ९२ वटा कार्यक्रमहरु सञ्चालन गरिएका छन् र जस अन्तर्गत ३६८० जना सहभागीहरु लाभान्वित भएका छन् । सीप विकास तर्फ हेन्डिकाफ्ट तथा ब्याम्बोबाँससँग सम्बन्धित हस्तकलाका सामग्री बनाउने तालिम, कफी बारिस्ता तालिम, ड्राइभिङ्ग तालिम, सरफ बनाउने तालिम, सरसफाई सम्बन्धी हरपिक, कोलिन, हेन्डबास, डिसवास, बनाउने तालिम, ढकिया तथा हस्तकलाका सामग्री बनाउने तालिम, पोतेसेट बनाउने तालिम, स्कुल व्याग बनाउने तालिम, लेडिज ल्यादर ब्याग बनाउने तालिम, बाटेको धुप बनाउने तालिम, जनै बनाउने तालिम, डल कुशन बनाउने तालिम, एडभान्स सिलाइकटाई तालिम, नेपाली सांकेतिक भाषा तालिम, गमनशीलता जस्ता तालिमहरु सञ्चालन भएका छन् । सशक्तीकरण र सचेतना कार्यक्रमतर्फ दिगो विकासका लक्ष्यहरुलाई पूर्ति गर्ने गरी विभिन्न कुरीति कुप्रथा, बालबिवाह, दाइजो दहेज, छाउपडी, प्रजनन् स्वास्थ्य र महिनाबारी स्वस्छतासँग सम्बन्धित, उद्घोषण र नेतृत्व विकास, लैंगिक असन्तुलन न्यूनीकरणका लागि लिङ्ग पहिचान गरी भ्रुणहत्या अन्त्य सम्बन्धी कार्यक्रम, तिज गीत तथा नृत्य प्रतियोगिता, ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम, विभिन्न महिला मैत्री खेलकुदहरु, लागूपदार्थ सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, अन्तर्पुस्ता सीप तथा अनुभव हस्तान्तरण कार्यक्रम, विभिन्न दिवसीय कार्यक्रमहरु जस्ता शसक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

विगतका वर्षदेखि नै यस्ता सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यसरी सञ्चालन भएका कार्यक्रमबाट कतिपय सहभागीहरुले आफ्नै प्रयासमा सामूहीक रुपमा उद्योग तथा व्यवसाय नै सञ्चालन गरी आफूहरुका अलावा अरुलाई समेत रोजगारी दिन सक्रे भएका छन् भने कतिपय सहभागीहरुले घरमै बसी फुर्सदको समयलाई सदुपयोग गरी आफूले तालिममा सिकेका सीपमूलक सामग्री उत्पादन गरी पसलहरुमा विक्री वितरण गर्दै आत्मनिर्भर भएका छन् ।

## महिला बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र तथा सामाजिक सुरक्षा सम्बन्धी विवरण

आ.व. ०८०।८१ मा सामाजिक सुरक्षातर्फ वडा नं. १ मा ७० जना महिला ६४ जना पुरुष गरी १३४ जना, वडा नं. २ मा २१२ जना महिला २१० जना पुरुष गरी ४२२ जना, वडा नं. ३ मा १८ जना महिला ३० जना पुरुष गरी ४८ जना, वडा नं. ४ मा ७३जना महिला ७८ जना पुरुष गरी १५१ जना, वडा नं. ५ मा ३८ जना महिला ३५ जना पुरुष गरी ७३ जना, वडा नं. ६ मा २२ जना महिला ३६ जना पुरुष गरी ५८ जना, वडा नं. ७ मा ९४जना महिला १२३ जना पुरुष गरी २१७ जना, वडा नं. ८ मा २२२ जना महिला २३९ जना पुरुष गरी ४६१ जना, वडा नं. ९ मा ७० जना महिला ७३ जना पुरुष गरी १४३ जना, वडा नं. १० मा १८६ जना महिला १७६ जना पुरुष गरी ३६२ जना र वडा नं. ११ मा ११६ जना महिला १२४ जना पुरुष गरी २४० जना गरी कुल जम्मा २३०९ जना ज्येष्ठ नागरिक लाभान्वित भएका छन् ।

त्यस्तै गरी, अपाङ्ग परिचय पत्रतर्फ 'क' वर्गको जम्मा १२० वटा, 'ख' वर्गको ४३० वटा, 'ग' वर्गको १७३ वटा र 'घ' वर्गको ५० वटा गरी कूल जम्मा ७७३ वटा परिचयपत्र वितरण गरिएको छ ।

सामाजिक सुरक्षा भत्तातर्फ ज्येष्ठ नगारिकतर्फ जम्मा रकम रु. २७,१०,९७,५२२ लाभान्वित संख्या २४२७८ जना, एकल महिलातर्फ जम्मा रकम रु. ४,७३,२५,९१२ लाभान्वित संख्या ६०११ जना, पूर्ण अपाङ्गता भत्ता जम्मा रकम रु. ६८,४६,१२५ लाभान्वित संख्या ५७४ जना, अति अशक्त अपाङ्गता भत्ता जम्मा रकम रु.१,२०,४७,००३ लाभान्वित संख्या १९०६ जना, क्षेत्र तोकिएका बालबालिकातर्फ जम्मा रकम रु. ३,६४,८२,३८२ लाभान्वित संख्या २३८७९ जना, दलित बालबालिकातर्फ जम्मा रकम रु. २५,५३,४०६ लाभान्वित संख्या १६६९ र लोपन्मुख जातितर्फ जम्मा रकम रु. १६,५९,८४० लाभान्वित संख्या १३९ जना गरी कूल ३७ करोड ८० लाख ७२ हजार ४० जना र कूल जम्मा प्रत्यक्ष लाभान्वित संख्या ५८ हजार ४ सय ५६ जना रहेका छन् ।

**कुनै पनि घटना भएको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता गरौं !!**

# कृषि विकासतर्फ

**क) हालसम्म नगरपालिकामा दर्ता भएका कृषक समुह/ कृषि फर्म/ कृषि सहकारी तथा एग्रोभेट सम्बन्धी विवरण**

| सि.नं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | सक्रिय कृषक समूह | १६६ |
| २ | सूचिकृत भएका कृषि फर्म | ११६ |
| ३ | कृषि सहकारी संस्था | ३६ |
| ४ | नगरपालिका भित्र सञ्चालनमा रहेका एग्रोभेट | २६ |








**ख) कृषि शाखाबाट आ.व. ०८०।८१ मा कार्यान्वयन गरिएका उल्लेखनिय कार्यहरुः**

- ❑ CIMMYT International संग सहकार्यमा दुई वटा कृषि मेला संचालन गरिएको
- ❑ कालानमक धानको २०/२० कठ्ठाको दुई वटा प्रदर्शन संचालनमा रहेको
- ❑ Geo Krishi द्वारा किसानहरुलाई कृषि सम्बन्धी प्राविधिक जानकारी लिई समस्या समाधान गर्न तथा विभिन्न सूचना प्राप्तिमा पहुच बढेको
- ❑ कृषक, कृषक समूह/सहकारी /कृषि फर्महरुलाई ४५,६०० के. जी. गहु ,२२८७ के. जी. मकै (स्वदेशी उन्नत तथा वर्णशंकर) तथा १८,०४४ के.जी. धानको उन्नत बीउ वितरण भै स्वदेशी विउको विस्तार भएको
- ❑ कृषक, समूह / सहकारी / कृषि फर्महरुलाई कन्ने च्याउको बीउ १५,५०० पोका वितरण भै खाद्य पोषणमा टेवा पुग्नुको साथै व्यवसायिक च्याउ खेतीबाट आयआर्जनमा बृद्धि भएको
- ❑ ४ वटा कृषक समूह / सहकारी / कृषि फर्महरु मार्फत भर्मिकम्पोष्ट सेड निर्माण गरी मल उत्पादन कार्य सुरु गरिएको
- ❑ ९३३ जना कृषकहरुलाई तरकारी, खाद्यान्नबाली,रैथाने बाली, बाली बिमा, तथा साना मेशिनरी मर्मत संभार सम्बन्धी तालिम दिई उन्नत प्रविधि तथा साना मेशिनरी मर्मत संभार सम्बन्धी ज्ञान प्रदान गरिएको
- ❑ ६ वटा आई पि एम कृषक पाठशाला संचालन गरी १५० कृषकहरुलाई आई पि एम प्रविधि बारे ब्यवहारिक ज्ञान प्रदान गरी विषादि न्यूनीकरण तथा प्रांगारिक उत्पादनमा टेवा पुगेको
- ❑ २५ वटा कृषक समूह/सहकारी /कृषि फर्महरुबाट मागमा आधारित कार्यक्रम अन्तर्गत व्यवसायिक तरकारी खेती फलफूल खेती तथा मौरी पालन कार्यक्रम संचालन भै कृषिको व्यवसायीकरणमा टेवा पुगेको
- ❑ ३८ वटा कृषक समूह/सहकारी /कृषि फर्महरु मार्फत साना सिचाई कार्यक्रम अन्तरगत कुलो मर्मत तथा निर्माण स्यालो ट्युववेल जडान मोटर/पम्पसेट जडान गरी सिंचित क्षेत्रफल बिस्तार गरिएको ।
- ❑ ७३ बटा कृषक /समूह/सहकारी /कृषि फर्महरुलाई साना मेशिनरी औजार/उपकरण वितरण कार्यक्रम अन्तरगत पावर टिलर, मिनि टिलर ,रिपर, कम्बाईन मील, स्प्रेयर अनुदानमा उपलब्ध गराई कृषिको यान्त्रीकरणमा बृद्धि गरी उत्पादन लागत घटाउने कार्य गरिएको
- ❑ ८७ वटा कृषि सिचाई मिटर जडानको लागि सिफारिस गरी सिंचाई लागत घटाउने कार्य गरिएको
- ❑ १६६ कृषक समूह दर्ता तथा नवीकरण भै व्यवसायिक कृषि उत्पादन तथा कृषि प्रविधि प्रचार प्रसार तथा बिस्तारमा सहयोग पुर्याएको
- ❑ २५ वटा सहकारी मार्फत अनुदानको रासायनिक मल युरिया १०५०३.५६, डि ए पी ८६२१.६६, म्युरेट अफ पोटास ३६८.५० र कृषि चुन १६०.०० क्वीन्टल कृषकहलाई वितरण गरिएको






# संस्थागत विकास तथा सेवा प्रवाह-सुशासन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१५ को दफा १०२ को उपदफा (१) मा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा (२) मा त्यसरी बनाइएका ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ भन्ने व्यवस्था भए अनुसार बाणगङ्गा नगरपालिकाले पनि हालसम्म कूल १०८ वटा ऐन, नियम, निर्देशिका, कार्यविधि र मादण्ड बनाई तर्जुमा गरेको छ ।

०७४ देखि ०८१ असार मसान्तसम्म

| क्र.सं. | विवरण | तर्जुमा | संशोधन | खारेजी |
|---|---|---|---|---|
| १ | ऐन | २९ | ३ | १ |
| २ | नियमावली | ६ | ० | ० |
| ३ | कार्यविधि | ५६ | ७ | ३ |
| ४ | निर्देशिका | १० | १ | ० |
| ५ | मापदण्ड | ६ | २ | ० |
| ६ | आचारसंहिता | १ | ० | ० |
| | जम्मा | १०८ | १३ | ४ |

२०८० श्रावण देखि ०८१ असार मसान्तसम्म

| कानूनको किसिम | तर्जुमा | संशोधन | खारेजी |
|---|---|---|---|
| ऐन | ५ | १ | ० |
| नियमावली | १ | ० | ० |
| कार्यविधि | ८ | २ | ० |
| निर्देशिका | २ | ० | ० |
| मापदण्ड | ३ | ० | ० |
| आचारसंहिता | ० | ० | ० |
| जम्मा | १९ | ३ | ० |

# पशुसेवातर्फ

क) नगरको पशुपन्छी तथ्याङ्क

| सि.नं. | पशुको किसिम | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० | आ.ब. २०८०/०८१ | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गाई/गोरु | २१५८ | २२६० | २३८० | ४.७७ |
| २ | भैँसी/राँगो | ९५८० | १०१४२ | १०६८३ | ५.३ |
| ३ | बाख्रा/खसी/बोका | ३०१४२ | ३१५८० | ३३२३७ | ४.७६ |
| ४ | भेडा/भेडी | १८३ | १९२ | २०० | ४.३४ |
| ५ | बंगुर/सुँगुर | ८९० | ९१४ | १०६१ | २.३९ |
| ६ | कुखुरा | ९३८२० | ९८२४० | १०२३३३ | ४.२४ |
| ७ | हाँस | ९१८८ | ९५२१ | ९९७० | ३.९१ |

ख) नगरको पशुजन्य पदार्थहरुको हालसम्मको अवस्थाः

| सि.नं. | बिबरण | इकाई | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० | आ.ब. २०८०/०८१ | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | दुध | लिटर | ८३३२०४१ | ८६७९२१० | ९१२५४४५ | ४ |
| २ | मासु | के.जी. | ७७१८६८ | ८०४८६८ | ८४२७९४ | ४ |
| ३ | अण्डा | गोटा | ३०१७८१२ | ३१३८१३० | ३२९९३७० | ४ |

ग) नगरपालिकाको पशुजन्य पदार्थको वर्तमान अवस्थाः

| पशुजन्य पदार्थ | हालको अवस्था | आवश्यकता | उपलब्ध प्रतिशत | अपुग प्रतिशत |
|---|---|---|---|---|
| दुध लिटरमा | ९१२५४४५ | ८८००९७४ | १०३.६८ | ३.६८ |
| मासु के.जी.मा | ८४२७९४ | १३५३९९६ | ६२.२४ | -३७.७६ |
| अण्डा गोटामा | ३२९९३७० | ४६४२२७२ | ७१ | -२९ |
| माछा के.जी.मा | २२०२१० | मासुमा समाबेश | | |

घ) पशुपन्छी तथा मत्स्य फार्महरु तथा रोजगारीको अवस्थाः

| क्र.सं. | फर्मको बिबरण | हाल सम्मको कुल संख्या | मुख्य उत्पादित बस्तु | प्रत्यक्ष रोजगारी |
|---|---|---|---|---|
| १ | गाई | ६७ | दुध | १६५ |
| २ | भैंसी | १३२ | | ४१८ |
| ३ | मिश्रित | ११५ | | ४२७ |
| ४ | बाख्रा | ९० | मासु | ३८४ |
| ५ | बंगुर | ४० | | १२३ |
| ६ | मत्स्य | ६३ | | ० |
| ७ | कुखुरा | २० | अण्डा/मासु | १७८ |
| | जम्मा | ५२७ | | १६९५ |
| | खरेजी फर्म | १८ | | |

ङ) व्यवसायिक मत्स्य फार्महरु अवस्थाः

| क्र. स. | विवरण | आ.ब. २०७९/०८० | | आ.ब. २०८०/०८१ | |
|---|---|---|---|---|---|
| | | जलाशय क्षेत्रफल हे. | उत्पादन (मे.ट.) | जलाशय क्षेत्रफल हे. | उत्पादन (मे.ट.) |
| १ | मत्स्य फर्म जम्मा ५१ वटा | १९४०-०६-०७ | २२०।२१ | | |
| २ | मत्स्य फर्म जम्मा ६३ वटा | | | ४६-१६-३५ | ३८०।३१ |

च) पशु शाखाबाट सम्पादित कार्यक्रमहरुको मुख्य उपलब्धीहरुः

- ☐ दुध उत्पादन लागत कम गर्नको लागि १२५ हेक्टर जग्गामा मौसम अनुसार विभिन्न उन्नत जातको घाँसखेतीको बिस्तार गर्न १९४५ कृषक परिवारमा निशुल्क घाँसको बीउ बितरण गरिएको ।
- ☐ १५४२२ पशुपन्छीहरुमा उपचार तथा परजीबि नियन्त्रण सेवा प्रदान गरी १३७४२ कृषक परिवारहरु लाभान्वित भएको ।
- ☐ ११२०० गाई/भैंसीहरुमा भ्यागुते/चरचरे, १०४०० गाई/भैँसीहरुमा खोरेत , ८८०० बाख्राहरुमा पि.पि.आर. तथा ८५ वटा कुकुरहरुमा रेबिज खोपहरु समेत गरी जम्मा ३०४८५ पशुहरुमा रोग नियन्त्रणको लागि निशुल्क खोप लगाइएको ।
- ☐ १७ वटा व्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरुमा ५० प्रतिशत अनुदान रकम सहयोग गरी फर्महरु सुधार गरिएको ।
- ☐ १० वटा व्यवसायिक पशुपन्छी फर्महरुमा ५० प्रतिशत अनुदानमा १० वटा विद्युतिय च्यापकटर बितरण गरिएको ।
- ☐ १९६२ गाई/भैंसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रवाह गरी नश्ल सुधार गरिएको ।
- ☐ १८४ जना पशुपालक कृषकहरुलाई व्यवसायिक गाई / भैंसी / बाख्रा तथा स्वच्छ दुध उत्पादन सम्बन्धी ३ दिने तालिम प्रदान गरी क्षमता विकास गरिएको ।
- ☐ नगरपालिका भित्रका पशुपन्छीहरुको तथ्याङ्कस्थलगत संकलन गरी अध्याबधिक गरिएको ।
- ☐ JOA, ADRA Nepalर इन्द्रेणी ग्रामीण विकास केन्द्र, नेपाल (तराई परियोजना) सँग नगरपालिकाले साझेदारी सम्झौता गरी ४१६ साना दुग्ध उत्पादक कृषकहरुको गाई / भैँसीहरुको नश्ल सुधार तथा दुध उत्पादन वृद्धि गर्ने कार्य सम्पन्न गरेको ।
- ☐ इपिडिमियोलोजि रोगहरुको १२ पटक तथा बर्डफ्लु/ जुनोटिक रोगहरुको ४६ पटक अनुगमन गरी प्रदेश तथा सघमा रिर्पोटिङ. गरिएको ।




- ☐ २ वटा सहकारी संस्थाहरु मार्फत २९७ जना दुग्ध उत्पादक कृषकहरुलाई ५६७४९९।६३ लिटर दुधको रु.१।४० को दरले जम्मा रु.७९४४९९।४८ प्रोत्साहन अनुदान सहयोग गरिएको ।
- ☐ २ वटा सहकारी संस्थाहरुमा ८५ प्रतिशत अनुदानमा दाना उधोग तथा दुग्ध संकलन केन्द्रहरुको पूर्वाधार सुधार गरिएको ।
- ☐ भेटेरीनरी डाक्टर भर्ना गरि भेटेरीनरी सेवा विस्तार गरिएको ।

# नगरका ५ नं. र ८ नं. वडा पोषणमैत्री वडा घोषणा




दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै स्थानीय तहलाई पोषणमैत्री बनाउन नेपाल सरकारले लिएको अभियान अन्तर्गत पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० बमोजिम बाणगङ्गा नगरपालिका जम्मा ११ वटा वडाहरु मध्ये २ वटा वडाहरुलाई मितिः२०८१ असार ३१ गतेका दिन पोषणमैत्री वडा घोषणा गरेको छ ।

नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षता र जिल्ला समन्वय प्रमुख श्री बाबुराम आचार्यज्यूको प्रमुख आतिथ्यतामा एक समारोहका बीच पोषण मैत्री वडा घोषणा गरेको हो ।

घोषणा गरिएका वडाहरुमा पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि गरिने विभिन्न चरणहरु अन्तर्गत तयारीको चरण, योजना तर्जुमाको चरण, कार्यान्वयनको चरण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरण र पोषणमैत्री स्थानीय तह घोषणाको चरण रहेको छ ।

पोषणमैत्री वडा घोषणाको लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमूखीकरण गर्ने, सम्बन्धित क्षेत्रभित्रका सरोकारवालाको सहभागितामा पोषणमैत्री बनाउने सामूहिक प्रतिवद्धता गर्ने, आचार संहिता तर्जुमा गर्ने, वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने लगायतका कार्यहरु प्रथम तयारी चरणमा रहेका छन् ।

त्यसैगरी सबै सूचकहरु प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको एकीकृत योजना तर्जुमा गर्ने पोषणमैत्री स्थानीय तह घोषणाको लागि आवश्यक बजेट विनियोजन गर्ने, विकास साझेदार, सामाजिक संघसंस्था तथा निजी क्षेत्रका कार्यक्रमहरुलाई स्थानीयतहको कार्यक्रम र बजेटमा आवद्धता गर्ने लगाएतका कार्यहरु रहेका छन् पोषणमैत्री स्थानीय तह घोषणाको लागि यसै गरी सबै चरणहरु पुरा गर्दै जानुपर्ने हुन्छ ।

कार्यविधिको दफा १० बमोजिम जिल्ला स्तरीय अनुगमन सिफारिस समितिको सिफारिस पत्र र कार्यपालिकाको निर्णय बमोजिम वडा नं. ५ र वडा नं. ११ मा अनुगमन पश्चात पोषणमैत्री वडा घोषणा गर्न सकिने निर्णय पश्चात नगरपालिकाका वडा नं. ५ र वडा नं. ८ लाई पोषणमैत्री वडा घोषणा गरिएको छ ।

जिल्ला समन्वय प्रमुख श्री बाबुराम आचार्यले उक्त कार्यक्रममा कपिलवस्तु जिल्लाकै पहिलो पोषणमैत्री स्थानीय तह घोषणाको लागि २ वटा वडा घोषणा गर्न सफल भएकोमा बाणगङ्गा नगरपालिकालाई विशेष धन्यवाद र बधाई समेत दिनुभएको थियो । कार्यक्रममा बोल्दै उहाँले जतिजति घोषणा गर्नको लागि अप्ठ्याराहरु आएका थिए सो भन्दा बढी अप्ठ्यारा र चुनौतीहरु थपिँदै जाने भएकोले नगरपालिकाले ती चुनौतीहरुलाई सामना गर्ने गरी कार्यक्रम बनाउनुपर्ने बताउनु भएको छ ।

कपिलवस्तु जिल्ला समन्वय अधिकारी श्री जनार्दन अधिकारीले उक्त कार्यक्रममा बोल्दै पोषणमैत्री स्थानीय शासनको दीगोपनाको लागि आवश्यक योजना बनाई लागू गर्नुपर्ने बताउनुभएको छ ।

कार्यक्रमलाई दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने, आवश्यक जनशक्ति परिचालन गर्ने नगर प्रमुख एवं कार्यक्रमका अध्यक्ष श्री चक्रपाणी अर्यालले प्रतिवद्धता गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन बाणगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भक्तिराम मरासिनीले गर्नुभएको थियो । मंगल श्लोक सहित कार्यक्रम सञ्चालन गर्नुभएका प्रमुख प्रशासकीय अधिकृतले आफूहरु कपिलवस्तु जिल्लाको प्रथम पोषणमैत्री स्थानीय तह घोषणा गर्न पूर्ण योजना सहित लागेको र बाणगङ्गा नगरपालिकालाई ब्राण्डको रुपमा चिनाउन नीति लिईएको जानकारी गराउनुभएको थियो ।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणतर्फ




व्यक्तिको जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई र मृत्युजस्ता व्यक्तिगत घटना सम्बन्धी विवरणहरु स्थानीय निकायमा दर्ता गर्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ । सबै जसो देशहरुले घटनादर्ताको सर्वमान्य सिद्धान्त अनुसार यसलाई स्थायी अविच्छिन्न तथा अनिवार्य कार्यको रुपमा निरन्तरता दिईरहेका हुन्छन् । यद्यपी कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यकता अनुसार फरक पर्ने गरेको छ । यस अन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरण सम्बन्धी कार्यहरु गर्दछन् ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि कपिलवस्तु लगायतका १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो । बि.स. २०५० श्रावणबाट स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु सञ्चालन हुन थालेको हो । मिति २०७५ आश्विनमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ लागु गरी व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण कार्यहरु गृह मन्त्रालयको मातहतमा रही सञ्चालन भई रहेको छ ।

स्थानीय तहहरुमा सामाजिक सुरक्षा तथा पञ्जीकरण नीति तथा कार्यक्रम कार्यान्वयनको प्रमुख निकाय सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा हो । नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मातहतमा रहि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना निर्देशिका, २०७४ को दोस्रो संशोधन २०७६, सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ संशोधन बमोजिम यस बाणगङ्गा

# यस्तो रह्यो बाणगङ्गाको SEE २०८१ को नतिजा

| विद्यालयको नाम | 3.6-4 | 3.2-3.6 | 2.8-3.2 | 2.4-2.8 | 2.0-2.4 | NG | Absent | Total | % |
|---|---|---|---|---|---|---|---|---|---|
| जनता मा.वि. पिपरा | ३४ | ११६ | ८२ | १६ | | १० | | २५८ | ९६ |
| कपिलवस्तु शिक्षा सदन मा.वि. वैदौली | ११ | १६ | २ | | | १ | | ३० | ९७ |
| हथौसा लिटिलिस्टार मा.वि. ओदारी | १० | १६ | १७ | ४ | | २ | | ४९ | ९६ |
| बाणगङ्गा मा.वि. लौगाई | ७ | ३७ | ६२ | २८ | १ | ८७ | | २२२ | ६१ |
| बाणगङ्गा मा.वि. गजेहडा | ७ | ३६ | ५५ | १८ | ४ | ८ | | १२८ | ९४ |
| अन्नपूर्ण मा.वि. कोपवा | ६ | १५ | १ | | | | | २२ | १०० |
| हिलवर्ट मा.वि. पिपरा | ५ | २७ | ४ | | | | | ३६ | १०० |
| ज्ञानपुञ्ज मा.वि. राजपुर | ५ | १६ | ९ | | | | | ३० | १०० |
| होराइजन मा.वि. सिद्धिपुर | ४ | ६० | ५ | | | | | ६९ | १०० |
| हेमराज मा.वि. हथौसा | ३ | ५ | ८ | २ | | ९५ | १ | ११४ | १७ |
| वालज्योति मा.वि. गजेहडा | २ | १५ | १ | | | | | १८ | १०० |
| पारिजात मा.वि. बनगाई | २ | ९ | १२ | ३ | | ३ | | २९ | ९० |
| जि. होराइजन मा.वि. गजेहडा | २ | ८ | ७ | २ | | १ | | २० | ९५ |
| आवर विज्डम मा.वि बैरिया | १ | २९ | ११ | १ | | | | ४२ | १०० |
| महेन्द्र मा.वि. कोपवा | १ | १९ | २२ | १३ | १ | ३३ | | ८९ | ६३ |
| स्काइलार्क मा.वि. ओदारी | १ | १० | ६ | ३ | | १ | | २१ | ९५ |
| सिद्धार्थ मा.वि. बुड्ची | १ | ९ | १२ | ५ | | ६ | | ३३ | ८२ |
| एभरग्रिन मा वि बरवा | १ | ६ | ३ | | | | | १० | १०० |
| कपिलवस्तु विद्या मन्दिर लौगाई | १ | ३ | ९ | ४ | | ३ | | २० | ८५ |
| बाल मा.वि बैरिया | | १६ | २५ | ११ | १ | १ | | ५४ | ९८ |
| जनज्योति मा.वि. मोतिपुर | | १२ | २५ | ३२ | १ | ३३ | | १०३ | ६८ |
| मनकामना मा.वि. नन्दनगर | | १२ | ७ | | | | | १९ | १०० |
| यूनाइटेड मा.वि. चप्परगाउँ | | ८ | १६ | २ | | १ | | २७ | ९६ |
| सूर्योदय मा.वि. बरवा | | ५ | २३ | २१ | ३ | ३ | | ५५ | ९५ |
| सागरमाथा विद्या मन्दिर भलवाड | | ४ | ११ | ३ | | | | १८ | १०० |
| ओदारी मा.वि. ओदारी | | ३ | १८ | १९ | १६ | १४ | ३ | ७३ | ८१ |
| लक्ष्मणघाट मा.वि. लक्ष्मणघाट | | ३ | ९ | १६ | ३ | ८ | | ३९ | ७९ |
| शुद्धोधन जनजीवन मा.वि. भलवाड | | २ | १२ | ७ | १ | ४० | १ | ६३ | ३७ |
| मा.वि. झण्डा | | २ | ५ | ११ | ९ | ७ | १ | ३५ | ८० |
| गौरी भवानी मा.वि. भक्तौली | | १ | १२ | १४ | | | | २७ | १०० |
| चिल्ड्रेन प्याराडाइज बोडगाउँ | | १ | ६ | | | | | ७ | १०० |
| कामता मा.वि. करेलिया | | | ६ | १२ | ६ | ४ | | २८ | ८६ |
| जम्मा | १०४ | ५२१ | ५०३ | २४७ | ४६ | ३६१ | ६ | १७८८ | ८० |

नगरपालिकामा पनि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा (इकाई) स्थापना गरी सामाजिक सुरक्षा र पञ्जीकरण सँग सम्बन्धित कार्य सञ्चालन हुँदै आएको छ ।

यस नगरपालिकाको पञ्जीकरण शाखाबाट आ.व. २०८०।०८१ को असार मसान्त सम्म सम्पादित भएका कामहरु अन्र्तगत व्यक्तिगत घटना दर्तालाई हेर्दा वडा नं. १ देखि वडा नं. ११ सम्म पुरुष ७३६५ जना र महिला ६७२० जना गरी जम्मा १४०८५ जनाको जन्मदर्ता भएको छ । त्यस्तै मृत्युदर्ताको समग्र वडाकै विवरणलाई हेर्दा २१४० जना पुरुष र १६९० जना महिला गरी जम्मा ३८३० जनाको मृत्युदर्ता भएको छ । त्यसैगरी वडा नं. १ देखि वडा नं. ११ सम्मकै विवरण हेर्ने हो भने २९७ जनाले सम्बन्ध विच्छेदको घटना दर्ता गराएका छन् भने ५८३४ वटा विवाहको घटना पनि दर्ता भएको देखिन्छ । घटना दर्ताकै अर्को महत्वपूर्ण विषयको रुपमा रहेको बसाईसराईलाई हेर्दा यस नगरपालिकाभित्र विभिन्न सेवा सुविधा र अवसरहरुको सम्भाव्यता देखि अन्यत्रबाट बसाई सरी आएर बसाईसराई दर्ता गराउने सङ्ख्या ३१४५ रहेको छ भने ती ३१४५ दर्ता सङ्ख्यामा सदस्यहरु १२५४४ जना रहको तथ्याङ्कबाट देख्न सकिन्छ । त्यस्तै गरेर यस नगरपालिका भन्दा अन्यत्र स्थानमा सेवा सुविधा र अवसरहरुको राम्रो सम्भाव्यता देखि बसाईसराई लिएर जाने दर्ता सङ्ख्या ९१६ रहेको छ । जसमा ३१६८ जना सदस्यहरु बसाईसराई गरी गएका छन् ।


## बाणगङ्गा मासिक बुलेटिन

### संरक्षक/सल्लाहकार
श्री चक्रपाणी अर्याल
नगर प्रमुख
श्री रीता कुमारी चौधरी
नगर उपप्रमुख

### प्रधान सम्पादक
श्री भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

### बुलेटिन सम्पादन मण्डल
श्री केशबराज भट्टराई
श्री केशबराज गैरे
श्री शान्तराज आचार्य
श्री ध्रुव बेल्बासे
श्री कुमारी बिन्दु शर्मा

### भाषा सम्पादन
शुसिला पन्थ

### कम्प्युटर डिजाईन
श्री दिपक थापा

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48


## नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगंगा | ९८४७०३३०५३ |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ |
| ४ | बाणगंगा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ |